# शिक्षक सेवा आयोगको सूचना

शिक्षक सेवा आयोग
सानो ठिमी, भक्तपुर

यस आयोगको विज्ञापन अनुसार आगामी २०७३ साल आषाढ ४ गते सञ्चालन गरिने माध्यमिक तह, तृतीय श्रेणी शिक्षक पदको प्रतियोगितात्मक लिखित परीक्षा सम्बन्धमा निम्न बमोजिम स्पष्ट पारिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

(क) **परीक्षामा प्रयोग गरिने भाषाका सम्बन्धमा :-**

कम्प्युटर विज्ञान, विज्ञान र गणित विषयको प्रश्नपत्र अङ्ग्रेजी भाषामा सोधिने छ। भाषा विषयहरु बाहेक अन्य विषयको उत्तरको माध्यम अङ्ग्रेजी वा नेपाली वा दुबै भाषा हुनेछ।

(ख) **उत्तरपुस्तिका र परीक्षामा सोधिने प्रश्न सम्बन्धमा :-**

आगामी परीक्षा नयाँ पाठ्यक्रम बमोजिम हुने सूचना यस अघि आयोगबाट जारी भइसकेको छ। आयोगद्वारा प्रकाशित विशिष्टीकरण तालिका बमोजिम खण्ड (क) र (ख) को पूर्णाङ्क ४०/४० हुनेछ। सामान्यतया प्रत्येक क्षेत्र समेटिने गरी छोटो र लामो उत्तर आउने प्रश्नहरुसोधिने छ। नयाँ पाठ्यक्रम अनुसार नमुना प्रश्नपत्र प्रकाशन गरिने छैन। उत्तरपुस्तिका प्रत्येक खण्डका लागि अलग अलग हुनेछ।

(ग) **वस्तुगत प्रश्न र उत्तरको सम्बन्धमा** :-

परीक्षार्थीलाई वस्तुगत प्रश्न र उत्तरपुस्तिका छुट्टाछुट्टै दिइने छ। वस्तुगत प्रश्नपत्र परीक्षा समाप्तिसगै लिएर जान सकिने छ। उत्तरपुस्तिकाको दायाँ भागमा परीक्षार्थीको व्यक्तिगत विवरण (नाम,थर,रोल नं. आदि) रहनेछ भने बायाँतर्फ सम्बन्धित प्रश्नको सही उत्तर (क, ख, ग र घ) मध्ये कुनै एक विकल्पलाई उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। बस्तुगत परीक्षाको उत्तरपुस्तिकाको नमुना आयोगको वेबसाइट (www.tsc.gov.np) मा राखिएको छ।

उपसचिव